अङ्क 23

DeKalb County School District का परिवारहरूलाई अभिवादन छ, अफ्रिकी-अमेरिकी इतिहास स्मरण गर्ने महिनाका लागि शुभकामना ।

म फेरि पनि हाम्रा शिक्षक तथा कर्मचारी सदस्यहरूलाई कार्यालय र विद्यालय भवनहरूमा स्वागत गर्न चाहन्छु, र हामीले केही विद्यार्थीहरूलाई विद्यालयका भवनहरूमा बोलाउने तयारी गर्दै गर्दा उनीहरूले देखाएको कडा मेहनत र समर्पणका लागि धन्यवाद दिन चाहन्छु । मैले बुधवार "स्थलगत भ्रमणको दिन" मा विद्यालयहरूको भ्रमण गरे । यस क्रममा, धेरै शिक्षकहरू विद्यालय फर्केको देख्न पाउँदा म खुसी भएको थिए । हाम्रा विद्यार्थीहरू आउँदा हप्ताहरूमा प्रत्यक्ष शिक्षणमा फर्किदैं गर्दा हाम्रा कर्मचारीहरू भवनहरूमा फर्कन र प्रेजेन्टेसनलाई अन्तिम रूप दिन तयार भएर विद्यालयमा उपस्थित भएका थिए ।

हाम्रा शिक्षक र विद्यार्थीहरूको सुरक्षित रूपमा विद्यालय फर्किँदै गर्दा भवनहरूको तयारी गरेकोमा म हाम्रा उत्कृष्ट प्रधानाध्यापकज्यूहरूलाई उनीहरूको कडा मेहनत र परिश्रम को लागि विशेष रूपमा धन्यवाद दिन चाहन्छु ।

हाम्रो दृष्टिकोण विज्ञान तथा Centers for Disease Control (CDC) ले जारी गरेको निर्देशिकामा आधारित छ र हामी यही दृष्टिकोण प्रयोग गर्दै आएका छौं । CDC ले विद्यालयहरू सकेसम्म चाँडो पुन: सुचारू हुनुपर्छ भनेर सुझाव दिएको छ । विज्ञान हाम्रो पक्षमा छ । उनीहरूको निष्कर्ष अनुसार, "सामुदायिक विद्यालयहरूले समुदायमा संक्रमण बढाउने भूमिका खेलिरहेका छन् भन्ने थोरै मात्र प्रमाण भेटिएको छ ।" CDC ले के पनि उल्लेख गरेको छ विद्यालयहरू बन्द गरिरहँदा विद्यार्थीको शैक्षिक प्रगति, मानसिक स्वास्थ्य, र महत्त्वपूर्ण सेवाहरूको पहुँचमा "नकारात्मक प्रभाव पार्न सक्छ" । हाम्रो समुदायलाई सफा र स्वास्थ्य राख्नको निम्ति, हामी हाम्रो समुदायका सबैलाई सावधान रहनु र संक्रमण न्यूनिकरणका रणनीतिहरू पालना गर्नु भनेर सम्झाइरहेका छौं । यसले भवनहरूमा हुने सङ्क्रमणको जोखिमलाई कम गर्छ ।

'मैले DeKalb लाई माया गर्ने,' धेरै कारणहरू छन् तर मुख्य कारण भनेको कर्मचारीहरूले हाम्रा विद्यार्थीहरू प्रति देखाउने मजबुत प्रतिबद्धता तथा गौरव हो । हाम्रा कार्यालय तथा विद्यालय भवनहरूमा फर्किने र अन्ततः विद्यार्थीहरूको फिर्तिको तयारी गर्ने पाइला चलाउनु भएकोमा तपाईंलाई धन्यवाद दिन चाहन्छु । तपाईं हाम्रा बच्चाहरूको सच्चा विजेता हुनुहुन्छ ! यो चुनौतीपुर्ण समयमा उत्कृष्ठ रहनुभएकोमा तपाईंलाई धन्यवाद ।

स्थलगत भ्रमण गर्ने दिन

म फ्रेबुअरी 3 मा Bob Mathis Elementary School, Dresden Elementary School, Idlewood Elementary School, Rowland Elementary School, Columbia Middle School र Henderson Middle School मा तपाईंहरू मध्ये केहीको अनुहार देख्न पाउँदा उत्साहित भएको थिए ।

मैले विद्यालयहरूले कार्यान्वयन गरेको सुरक्षा प्रोटोकल र शिक्षकहरूले आफ्ना कक्षाकोठाहरूबाट भर्चुअल रूपमा पढाउँदै गरेको कुरा अवलोकन गर्ने अवसर पाएको थिए। उक्त दिन एकदम सकारात्मक दिन भयो। आतिथ्य सत्कारका लागि ती छ विद्यालयहरूका लिडर, शिक्षक तथा कर्मचारीहरूलाई धन्यवाद छ।

म FOX 5 Atlanta र WSB लाई विद्यालयहरूको भ्रमण गर्न र विद्यालयका सुरक्षा प्रोटोकलहरू देखाउन अनुमति दिनुभएकोमा क्षेत्र V का सुपरिन्टेन्डेन्ट डा. Triscilla Weaver र Southwest DeKalb High School का प्रधानाध्यापक डा. Thomas Glanton र उहाँका कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। हामीले आशा गरेका छौं कि यी समाचार च्यानलहरूको रिपोर्टले DCSD का परिवारहरूलाई हामी हाम्रा विद्यार्थी तथा कर्मचारीहरूलाई विद्यालय भवनमा कसरी सुरक्षित राख्ने छौं भन्ने सम्बन्धमा स्पष्ट चित्र प्रदान गर्नेछ।

**भर्चुअल टाउन हल**

हाम्रा परिवारहरूले विद्यालय पुन: प्रवेश गर्ने योजना उनीहरूका लागि ठीक हो कि होइन भनेर निर्णय गर्दै गर्दा, कृपया अनलाइन शिक्षा, यातायात, सुरक्षा प्रोटोकलहरू आदिका सम्बन्धमा महत्त्वपूर्ण जानकारीका लागि विद्यालय पुन: प्रवेशको साइट भ्रमण गर्दै गर्नुहोला। हामी फेब्रुअरी 11, 2021, बिहिबारका दिन, बेलुका 6 बजे देखि 8 बजेसम्म हाम्रा अभिभावकहरूका लागि अर्को टाउन हल बैठक आयोजना गर्न लागिरहेका छौं। थप जानकारीका लागि हाम्रो वेबसाइट हेर्नुहोला।

म हाम्रा परिवारहरूलाई समुदायको सुझावसम्बन्धी भर्चुअल बैठकका लागि फेब्रुअरी 08, 2021, बिहान 11:30 को हाम्रो शिक्षा समितिको बैठक हेर्न प्रोत्साहित पनि गर्छु। हामी प्रत्यक्ष शिक्षणको बारेमा अद्यावधिकहरू प्रदान गर्ने छौं। तपाईं DeKalb County मा च्यानल 24 मा गएर वा DSTV मा अनलाइन मार्फत समितिको बैठक हेर्न सक्नुहुन्छ।

**संक्रमण न्यूनिकरणका रणनीतिहरू**

विद्यालय भित्र कोभिड-19 को संक्रमण फैलन सक्ने जोखिम कम गर्नका निम्ति CDC ले जारी गरेको संक्रमण न्युनिकरणका पाँच मुख्य रणनीतिहरू तल दिइएको छ:

- मास्कको नियमित र सही प्रयोग
- सम्भव भएसम्म सामाजिक दूरी कायम गर्ने
- हात धुने
- सरसफाइ र निसंक्रमण
- DeKalb Board of Health सँगको सहकार्यताका साथमा कन्ट्याक्ट ट्रेसिङ

हामी विद्यार्थीहरूलाई यी रणनीतिहरू अभ्यास गर्न प्रोत्साहित गर्छौं ताकी जब विद्यालयहरू पुन: सचारू हुन्छ, तब उनीहरू मास्क लगाउन, सामाजिक दूरी कायम गर्न, र हात धुन अभ्यस्त हुन् र बानी परून् ।

CDC का अनुसार, साबुन पानीले हात धुने काम कीटाणुहरू फैलिन नदिने र किभिड-19 भाइरस फैलिने जोखिम कम गर्ने महत्त्वपूर्ण तरिका भएता पनि साबुन पानीले कम्तीमा 20 सेकेन्डसम्म हात धुँदा वा साबुन पानी तत्कालै उपलब्ध नभएको खण्डमा कम्तीमा 60% अल्कोहल भएको हेन्ड सेनिटाइजर प्रयोग गर्दा बिमारी पार्न सक्ने कीटाणुहरूको फैलावटलाई कम गर्छ । तातो तथा चिसो दुवै पानीले हातबाट एउटै सङ्ख्यामा कीटाणुहरू हटाउँछ ।

कोभिड-19 को संक्रमण न्यूनिकरण गर्न सुरक्षासम्बन्धी सबै प्रोटोकलहरू CDC र DeKalb County Board of Health को स्वास्थ्य निर्देशिका अनुरूप तयार गरिन्छ । सही तरिकाले कसरी हात धुने भन्ने जानकारीका लागि, कृपया CDC को वेबसाइट भ्रमण गर्नुहोस् र कोभिड-19 सम्बन्धी निर्देशनहरूका लागि https://www.dekalbschoolsga.org/school-reopening/safety-protocol/ भ्रमण गर्नुहोस् ।

## बृहत् गुरुयोजना

DCSD ले विद्यालय र प्रशासनका सबै स्थलहरू मूल्याङ्कन गर्ने एउटा बृहत् गुरुयोजनाका साथै डिस्ट्रिक्टको शैक्षिक अभियानमा सहयोग गर्ने संरचना कार्यान्वयन गरेको छ । हामी विद्यार्थी, अभिभावक, कर्मचारी तथा समुदायका सदस्यहरूलाई यो वेबसाइट भ्रमण गर्न र THINK BIG (ठूलो सोच) सम्बन्धी सर्वेक्षण पूरा भर्न प्रोत्साहित गरिरहेका छौं । यो वेबसाइटले वृहत् गुरुयोजनाका योजनाहरू तथा पद्धतिहरूको बारेमा विवरण प्रदान गर्छ । योजना अगाडि बढ्दै गर्दा, सर्वसाधारणका लागि थप जानकारी तथा थप सर्वेक्षण उपलब्ध गरिनेछ ।

यो अनिश्चित समयमा हामी अगाडि बढ्न खोजिरहेका छौं । यसक्रममा, धैर्यता देखाउनु भएकोमा म तपाईंलाई फेरि पनि धन्यवाद दिन चाहन्छु । भविष्य अनिश्चित छ । तर पनि, विद्यालयहरू पुन: खुले भएपछि शिक्षक तथा कर्मचारीहरूले जे काम गरेका छन्, त्यसलाई मलाई प्रेरणा दिएको छ । हामी हाम्रा कर्मचारीहरूको स्वास्थ्य तथा सुरक्षालाई नम्बर एक प्राथमिकतामा राखिरहने छौं । साथ र निरन्तर सहयोगको लागि तपाईंलाई धन्यवाद छ । भविष्य राम्रो छ !

तपाईंको #1 प्रशंसक,

सुश्री Cheryl Watson-Harris